**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

- भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्ला र एक्सिओम-४ टोलीको ऐतिहासिक अन्तरिक्ष अभियानपछि आज पृथ्वीमा सकुशल अवतरण
- आतंकवाद, पृथकतावाद र अतिवादका मुद्दाहरूमा सांघाई सहयोग संगठनले दृढ अडान लिनुपर्ने विदेशमन्त्री एस. जयशंकरको धारणा
- राष्ट्रपति द्रौपदी मुर्मुका अनुसार सन् २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने
- अनि चार भारतीय महिला चेस खेलाडी चेस विश्वकपको प्रि-क्वार्टरफाइनलमा पुग्न सफल

1.Axiom 4 - Landing

भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्ला र एक्सिओम-४ मिसनका अन्य तीन सदस्यहरू अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा आफ्नो १८ दिने ऐतिहासिक अभियान पछि सकुशल पृथ्वीमा फर्केका छन्। स्पेसएक्स ड्र्यागन अन्तरिक्षयान आज दिउँसो अमेरिकाको क्यालिफोर्नियाको सान डिएगोको तटमा प्रशान्त महासागरमा अवतरण गरेको छ। चालक दलले अब पृथ्वीको गुरुत्वाकर्षणमा अनुकूलन गर्न सात दिनको पुनर्वास कार्यक्रममा बस्नेछ। मिसनको अन्तरिक्ष यात्रा जुन २५ मा सुरु भएको थियो । समूह क्याप्टेन शुक्ला अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको भ्रमण गर्ने पहिलो भारतीय र १९८४ मा अन्तरिक्षमा गएका विंग कमाण्डर राकेश शर्मा पछि दोस्रो भारतीय अन्तरिक्ष यात्री हुन्। आफ्नो बसाइको क्रममा, शुभांशु शुक्लाले विशिष्ट सूक्ष्म-गुरुत्वाकर्षण प्रयोगहरू गरेका थिए। राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले समूह क्याप्टेन शुभांशु शुक्लाको पृथ्वीमा पुनरागमनलाई स्वागत गर्नुभयो। राष्ट्रपतिले एक्सिओम मिसन ४ सञ्चालनमा समूह क्याप्टेन शुक्लाको भूमिका भारतको अन्तरिक्ष अन्वेषणमा महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो। प्रधानमन्त्रीले यस यात्राको क्रममा समूह क्याप्टेन शुभांशु शुक्लाले देखाएको समर्पण र साहसको भावनाले लाखौं मानिसहरूलाई प्रेरणा दिएको बताउनुभयो। विज्ञान तथा प्रविधि मन्त्री जितेन्द्र सिंहले सफल अन्तरिक्ष यात्रामा खुशी व्यक्त गर्दै उहाँले बधाई दिनुभयो। उहाँले थप भन्नुभयो.......

2.Jaishankar - SCO

विदेशमन्त्री एस. जयशंकरले भन्नुभएको छ, सांघाई सहयोग संगठनले आतंकवाद, पृथकतावाद र उग्रवादका मुद्दाहरूमा अडिग अडान अपनाउनुपर्छ। श्री जयशंकर आज चीनको तियानजिनमा आयोजित सांघाई सहयोग संगठनको विदेश मन्त्री परिषद्को बैठकमा सामेल हुनुभयो। उहाँले भन्नुभयो, पहलगाम आतंकी हमला जम्मू कश्मीरको पर्यटन अर्थव्यवस्थालाई

जानाजानी कमजोर पार्न र धार्मिक विभाजनलाई बढाउन गरिएको थियो। उहाँले आक्रमणका दोषी, षड्यन्त्रकारी र धन उपलब्ध गराउनेहरूलाई जवाफदेही ठहराउन जोड दिनुभयो।

3.Prez- Cuttack

राष्ट्रपति द्रौपदी मुर्मुले भारतको राष्ट्रिय लक्ष्य विश्वव्यापी महाशक्ति बन्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, देशले पूर्वाधार, स्वास्थ्य सेवा, अन्तरिक्ष, विज्ञान र प्रविधि, कृत्रिम बुद्धिमत्ता र अन्य क्षेत्रहरूमा उल्लेखनीय प्रगति गरेको छ। राष्ट्रपतिले शिक्षा क्षेत्रले निस्सन्देह २०४७ सम्ममा विकसित राष्ट्र बन्ने लक्ष्य हासिल गर्न, राष्ट्र निर्माण गर्न र भारतको भविष्यलाई आकार दिन अहम् भूमिका खेल्ने बताउनुभयो। आज कटकको रेभेनशा विश्वविद्यालयको १३ औं दीक्षान्त समारोहमा भाग लिँदै राष्ट्रपति मुर्मुले भन्नुभयो.......

4.Haryana - Manohar Lal

केन्द्रीय ऊर्जा मन्त्री मनोहर लालले आज हरियाणाको पानीपतमा ऊर्जा दक्षता प्रवर्द्धन गर्न केन्द्र सरकारको महत्वाकांक्षी अटल वितरण प्रणाली योजना - अदितिको सुरुवात गर्नुभयो। यस अवसरमा, श्री मनोहर लालले देशको अर्थतन्त्रलाई पाँच ट्रिलियन डलरमा पुर्‍याउन उद्योग क्षेत्र, विषेश गरी सूक्ष्म, साना र मझौला उद्यमहरूले सबैभन्दा बढी योगदान पुर्‍याउने बताउनुभयो।

5. Puri - Education

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले भारतको विकास यात्राको केन्द्रमा शिक्षा रहनुपर्ने बताउनुभएको छ। नयाँ दिल्लीमा विद्यालय शिक्षा सम्बन्धी एक सेमिनारलाई सम्बोधन गर्दै उहाँले देशको विकासको लागि शिक्षा धेरै महत्त्वपूर्ण रहेकोमा जोड दिनुभयो। श्री पुरीले शिक्षाको अधिकारको संवैधानिक ग्यारेन्टी भएदेखि नै साक्षरता र शैक्षिक संस्थाहरूमा विद्यार्थीहरूको संख्यामा वृद्धि भएको बताउनुभयो।

6. Health – Street Food

स्वास्थ्य मन्त्रालयले समोसा, जलेवी र लड्डू जस्ता खाद्य वस्तुहरूमाथि चेतावनी लेबल लगाउने निर्देश जारी गरेको खबरहरूको खण्डन गरेको छ। मन्त्रालयले एक बयानमा मिडियाका यी खबरहरू भ्रामक, गलत र आधारहीन भएको बताएको छ। मन्त्रालयले केवल छुट्टै परामर्श जारी गरी कार्यस्थलहरूमा स्वस्थ भोजन प्रयोगमा ल्याउने सल्लाह दिएको बताएको छ। स्वास्थ्य मन्त्रालयको परामर्शमा खाद्य वस्तु विक्रेताहरूलाई सीधै कुनै पनि प्रकारको लेबल लगाउने निर्देश दिइएको छैन।

7. Skill India Mission- 10 Years

स्किल इन्डिया मिसनले आज आफ्नो १० औं वार्षिकोत्सव मनाउँदैछ। प्रधानमन्त्री नरेन्द्र मोदीले २०१५ मा यो योजना सुरु गर्नुभएको थियो । सीप विकास तथा उद्यमशीलता मन्त्री जयन्त चौधरीले विभिन्न क्षेत्रहरूमा व्यावहारिक, रोजगारयोग्य सीपहरू मार्फत युवाहरूलाई सशक्त बनाउने सरकारको प्रतिबद्धता दोहोऱ्याउनुभएको छ।

8. Nimisha - Execution

यमनमा भारतीय नर्स निमिषाप्रियाको फाँसी स्थगित गरिएको छ, जुन पहिले भोलि हुने तय भएको थियो। आधिकारिक स्रोतहरूका अनुसार, भारत सरकारले पछिल्ला दिनहरूमा निमिषाप्रियाको परिवारलाई अर्को पक्षसँग पारस्परिक सहमतिमा समाधान खोज्न निरन्तर प्रयास गरिरहेको छ। मुद्दाको संवेदनशीलताको बाबजुद पनि, भारतीय अधिकारीहरू स्थानीय कारागार अधिकारीहरू र अभियोजकको कार्यालयसँग नियमित सम्पर्कमा छन्, जसले गर्दा यो स्थगन सम्भव भएको हो।

9. Start-up Awards

उद्योग र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन विभागले राष्ट्रिय स्टार्टअप पुरस्कारको पाँचौं संस्करणको लागि आवेदनहरू आमन्त्रित गरेको छ। यो स्टार्टअप इन्डिया कार्यक्रम अन्तर्गत एक महत्त्वपूर्ण पहल हो। राष्ट्रिय स्टार्टअप पुरस्कारहरू कृषि, स्वच्छ ऊर्जा, फिनटेक, एयरोस्पेस, स्वास्थ्य, शिक्षा, साइबर सुरक्षा आदि जस्ता विभिन्न क्षेत्रहरूमा दिइन्छ। वर्ष २०१६ मा सुरु गरिएको स्टार्टअप इन्डिया कार्यक्रमले भारतको उद्यमशीलता क्षेत्रलाई रूपान्तरण गरेको छ।

10.Tesla - India

अमेरिकी बहुराष्ट्रिय अटोमोटिभ कम्पनी 'टेस्ला' ले आफ्नो मोडेल 'वाई' इलेक्ट्रिक गाडीको सुरुवातसँगै भारतीय बजारमा प्रवेश गरेको छ। कम्पनीले आज मुम्बईमा आफ्नो पहिलो शोरूम खोलेको छ।

11.NCC-Foundation Day

राष्ट्रिय क्याडेट कोरले आज आफ्नो ७७ औं स्थापना दिवस मनाउँदैछ। यो युवाहरूमा चरित्र निर्माण, भाइचारा, सेवाको आदर्श र नेतृत्व गुणहरू विकास गर्ने उद्देश्यले स्थापना गरिएको थियो। एनसीसी क्याडेटहरूलाई देशको सशस्त्र सेनासँग सहकार्य गर्न पनि तालिम दिइएको छ।

12.Sports News

अब खेल प्रसंगः चार भारतीय महिला चेस खेलाडीहरू आर. वैशाली र हरिका द्रोणवल्ली जर्जियामा भएको चेस महिला विश्वकपको प्रि-क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। कोनेरु हम्पी र दिव्या देशमुख पहिले नै अन्तिम १६ मा पुगेका छन्।